# आयोजनाको कार्यान्वयन सहजिकरण, अनुगमन र सुरक्षा व्यवस्थापन

आज मिति २०८१/०७/२६ गते सोमबारका दिन जिल्ला प्रशासन कार्यालयको सभाहलमा प्रमुख जिल्ला अधिकारी श्री मीना अर्यालज्यूको संयोजकत्वमा मध्यपहाडी राजमार्ग (पुष्पलाल) लोकमार्ग आयोजना र तमोर नदीस्थित लम्बुघाट पूल लगायतका आयोजनाको कार्यान्वयनलाई अगाडी बढाउँन आयोजित छलफल कार्यक्रममा निम्नानुसारको उपस्थितिमा देहाय बमोजिमको निर्णय गरियो ।

विशेष उपस्थितिः

श्री गुमानसिंह ईस्वो, समन्वय प्रमुख, जिल्ला समन्वय समितिको कार्यालय, तेह्रथुम

उपस्थितिः

| हस्ताक्षर | नामथर | कार्यालय | दर्जा |
|---|---|---|---|
| | श्री मीना अर्याल | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | प्र.जि.अ. |
| | श्री सञ्जय तुम्वाहाम्फे | म्याङ्गलुङ्ग नगरपालिका, तेह्रथुम | नगर प्रमुख |
| | श्री श्री प्रसाद कार्की | जिल्ला समन्वय समितिको कार्यालय, तेह्रथुम | उप-प्रमुख |
| | श्री विश्व प्रकाश तुम्वाहाम्फे | नेपाली काङ्ग्रेस, तेह्रथुम | सह-सचिव |
| | श्री गणोश सोदेम्वा | नेकपा एमाले, तेह्रथुम | उप- सचिव |
| | श्री चिनिमाया तामाङ्ग | जिल्ला प्रहरी कार्यालय, तेह्रथुम | प्र.ना.उ. |
| | श्री सविना राई | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, तेह्रथुम | प्र.अ.अ. |
| | श्री मनोज कार्की | सशस्त्र प्रहरी बल नेपाल, नं. ३ गुल्म हे.क्वा. | स.प्र.[redacted] नि |
| | श्री दिपेन्द्र पाण्डे | पुष्पलाल मध्यपहाडी लोकमार्ग योजना कार्यालय, पाँचथर | योजना प्रमुख |
| | श्री राम कुमार देव | सडक डिभिजन, धनकुटा | डिभिजन प्रमुख |

| हस्ताक्षर | नामथर | कार्यालय | दर्जा |
|---|---|---|---|
| | श्री गोविन्द ढुंगाना | नेपाली काङ्ग्रेस, तेह्रथुम | पुर्व सभापति |
| | श्री राज नारायण सरदार | पुष्पलाल मध्यपहाडी लोकमार्ग योजना कार्यालय, पाँचथर | ईन्जिनियर |
| | श्री सन्तोष शाह | सडक डिभिजन, धनकुटा | ईन्जिनियर |
| | श्री तारा कार्की गुरुङ्ग | म्याङ्गलुङ्ग नगरपालिका,तेह्रथुम | वडा अध्यक्ष |
| | श्री प्रमोद राज अधिकारी | निर्माण ब्यवसायी | |
| | श्री शारदा प्रसाद ढकाल | निर्माण ब्यवसायी | |
| | श्री बिक्रम लिम्बु | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | स.प्र.जि.अ. |
| | श्री बालकृष्ण लिम्बु | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | शाखा अधिकृत |
| | श्री राम प्रसाद भट्टराई | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | नायब सुब्बा |

दनिर्णयहरु

१. मध्यपहाडी लोकमार्गको खुरुङ्गादेखि यावरासम्मको १० किलोमिटर खण्डको सडक खण्डको कालोपत्रे गर्ने कार्य तोकिएको अवधि पुस मसान्त भित्र समपन्न गर्ने, जसमा मंसिर मसान्तसम्ममा ६ किलोमिटर सव वेस र ४ किलोमिटर कालोपत्रेको कार्य सम्पन्न गर्ने। सो सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति र आयोजना कार्यालयले प्रभावकारी अनुगमन गर्ने ।
२. लम्बुघाट पुल निर्माण कार्यलाई अगाडी बढाउँनका लागि सडक डिभिजन कार्यालय, धनकुटाको तर्फबाट निर्माण कम्पनिसँग समन्वय गरी निकास निकाल्ने।
३. मध्यपहाडी लोकमार्ग बसन्तपुर- म्याङ्गलुङ्ग खण्डमा झरेको पहिरो कारण अवरुद्ध सडकका किनारामा रहेका अवरोध हटाउन आयोजनाले १५ दिन भित्र आवश्यक व्यवस्था मिलाउने ।